स्थानीय पाठ्यक्रमः

# विपद् जोखिम न्युनीकरण

**कक्षा ४**

युनिसेफको आर्थिक तथा प्राविधिक सहयोगमा
आसमान नेपाल, जनकपुरद्वारा प्रकाशित
**स्थानीय पाठ्यक्रमः विपत् जोखिम न्युनीकरण**

**प्रथम प्रकाशन** : माघ २०७६
© आसमान नेपाल

# बिषय सूची


| | | |
|---|---|---|
| १. | भूकम्पको परिचय | १ |
| २. | भूकम्पको असर | २ |
| ३. | भूकम्पबाट बच्ने उपाय | ५ |
| ४. | बाढी र पहिरो | ७ |
| ५. | आगलागीको परिचय | ९ |
| ६. | हावाहुरी | १० |
| ७. | चट्याङ | १२ |
| ८. | शीतलहर | १४ |
| ९. | आगलागी कारणहरू र असरहरू | १६ |
| १०. | लू लाग्नु | १७ |

**पाठ - १**

# भूकम्पको परिचय

**(पृष्ठभूमि : विद्यालय जाने बेलामा भूकम्पको बारेमा कुराकानी गर्दै)**

विनय : भन त नम्रता । भूकम्प भनेको के हो ?

नम्रता : ए । त्यति पनि थाहा छैन ? कक्षा ३ मा भूकम्पको परिचय पढेको हैन र ?

विनय : खै, पढेको जस्तो त लाग्छ तर बिर्सेछु । तिमी नै भनिदेऊ त नम्रता ।

नम्रता : त सुन है त । 'भू' र 'कम्प' मिलेर भूकम्प शब्द बनेको हो । जसको अर्थ 'भू' भनेको जमिन र 'कम्प' भनेको काम्नु, हल्लनु वा थर्कनु भन्ने हुन्छ । अर्थात् जमिन हल्लनु नै भूकम्प हो ।

विनय : भूकम्प आएको कुरा कसरी थाहा पाउने त ?

नम्रता : मैले अघि नै भनेको हैन त । जमिन थर्किनु, रुखहरू हल्लिनुजस्ता संकेतहरू देखापर्ने अवस्था नै भूकम्प हो ।

विनय : ए ल बुझेँ । यसका असरहरू अघिल्लो पाठमा भएको हुँदा फेरी पनि तिमीसँग सल्लाह गरुँला ल ।

**क्रियाकलाप :** तलका प्रश्नहरूको जबाफ देऊ ।

क) माथिको संवादमा नम्रता र विनय केको सम्बन्धमा छलफल गर्दै थिए ?

ख) माथिको संवादमा कतिजना पात्रहरू छन् ?

ग) भूकम्प भनेको के हो ?

घ) भूकम्प आउँदा केकस्ता सङ्केत पाउँछौं ?

**शिक्षकलाई निर्देशनः** माथिको नम्रता र विनयको संवाद जस्तै एकजना छात्रलाई विनय र एकजना छात्रालाई नम्रताको भूमिका निर्वाह गर्न लगाउने र छलफलद्वारा भूकम्पको परिचय स्पष्ट पारिदिने ।

पाठ - २

# भूकम्पको असर






# लय मिलाएर पढ

सानो पपी घरभित्र छुटेछ ।
भाइको टाउको सिसाले फुटेछ ।।
भनौँ कसरी,
भूकम्पको असर बुझ्ने यसरी ।
गोठका गाई पुरिएर छानाले ।
दुःख पाइयो भूकम्प जानाले ।।
भनौ कसरी,
भूकम्पको असर बुझ्ने यसरी ।
घर भत्की थुप्रो भो माटोको ।
बलियो घर नबनाई ढाँटेको ।।
भनौँ कसरी,
भूकम्पको असर बुझ्ने यसरी ।
दुःख पाए कमजोर घरले ।
होस उड्छ सम्झेर डरले ।।
भनौँ कसरी,
भूकम्पको असर बुझ्ने यसरी ।

**शिक्षकलाई निर्देशनः** शिक्षकले लय मिलाई गीत गाएर विद्यार्थीहरूलाई सुनाउने र विद्यार्थीहरूबाट पनि गीत लय मिलाएर गाउन लगाउने भूकम्पका असरको बारेमा गीतले कस्तो सन्देश दिन खोजिएको हो सोबारेमा छलफल गराउने र निष्कर्ष निकाल्न लगाउने ।

**शब्दार्थ :**

| | | |
|---|---|---|
| पपी | : | कुकुरको बच्चा |
| असर | : | प्रभाव |
| थुप्रो | : | ढेर, माटोको ढिस्को |
| ढाँटेको | : | भुक्याएको |

**निम्न प्रश्नहरूको जबाफ देऊ :**

क) भाइको टाउको केले फुट्यो ?


ख) गोठ के कारणले पुरिए ?

ग) घर किन भत्कियो ?

घ) उसले किन दुःख पायो ?

शब्दार्थ : पपी- कुकुरको बच्चा ।

## पाठ - ३     भूकम्पबाट बच्ने उपाय



मिथिला नगरपालिकाको केमलीपुर गाउँमा एकजना मोतीलाल लोहार नाम गरेका किसान बस्दथे । उनले खेतीपातीको आयआर्जनबाट कम लगानीमा पाँच तले घर बनाएका थिए । उनको छेउमा उनको छिमेकी नरनाथ विश्वकर्माले जस्ताको छाना, सिमेन्टको बलियो पिलर प्रयोग गरी सानो राम्रो बलियो चिटिक्क परेको घर बनाएका थिए । २०७२ साल बैशाख १२ गते अचानक ठूलो भुइँचालो आएर मोतीलालको घर क्षणभरमै माटोको ढिस्कोमा परिणत भयो । उसको लाखौँको सम्पत्ति क्षणमै बर्बाद भयो । बिचरा उसको छोरालाई सिसाले टाउकोमा लागेर होसै गायब भयो । मोतीलालको श्रीमति चिच्याउँदै बाहिर निस्कदा बार्दलीमा राखेको गमला झरेर टाउकोमा लागी आमा पनि भन्न नपाइ ठहरै गई । गोठभित्र रहेका पाँचओटा गाईहरू ढिस्कोले पुरिदियो र उसको परिवारको बिचल्ली भयो । उता नगरनाथको बलियो र राम्रो सानो एकताले सुरक्षित घर भएको कारणले कुनै प्रकारको क्षति नभएकोले मोतीलाल नरनाथकै घरमा सरण लिन पुगे र नरनाथले सम्झाउँदै मोतीलाललाई भने, हेर मोती ..... घर बनाउँदा जहिले पनि बलियो सुरक्षित व्यवस्थित

र भूकम्प प्रतिरोधित घर बनाउनुपर्छ है । मैले थोरै खर्चमा बलियो घर बनाएकाले र घरभित्रका वस्तुहरू व्यवस्थित साथ राखिएकोले आज दैवले मेरो परिवारलाई सुरक्षित राखिदिनुभएको छ । नानीबाबुहरू हो ! हामीले पनि घर बनाउँदा जहिले पनि नरनाथले बनाएको जस्तै सानो, सुरक्षित, व्यवस्थित र भूकम्प प्रतिरोधात्मक क्षमता भएको घर बनाउनुपर्छ ।

**शब्दार्थ**

गुडतकी : निहुरिएर लूक्नु

चिटिक्क : सुन्दर

भूकम्प प्रतिरोधित : भूकम्प आउँदा नढल्ने मजबुत खालको

**तलका प्रश्नहरूको जबाफ देऊ**

क. मोतीलालको घर कहाँ थियो ?

ख. मोतीलालको घर कति तले थियो ?

ग. नरनाथको घर कति तले थियो ?

घ. भूकम्पमा कसको घर भत्कियो ?

ङ. नरनाथको घर किन भत्किएन ?

च. हामीले आफ्नो घर कस्तो बनाउनुपर्छ ?

**शिक्षकलाई निर्देशन**: विद्यार्थीहरूलाई घटना अध्ययन गराई प्रश्नहरू सोध्ने मोतीलालको घर र नरनाथको घरको संरचनाको बारेमा प्रस्ट पार्ने । दुवै घरको संरचना सम्बन्धमा चित्रसहित सूची बनाउन लगाउने र फरक प्रस्ट पार्ने ।

**पाठ - ४**

# बाढी र पहिरो



खोला, नदी आदिमा पानीको मात्रा र बहाब साबिकको भन्दा बढी हुनुलाई बाढी आएको भनिन्छ । अत्यन्त भारी वर्षा हुँदा पनि बाढी आउँछ । बाढी आएको बेला पानीले धेरै धनजन, खेत, जनावर, मानिस निर्मित संरचनालाई नष्ट पार्छ । त्यसै गरी पहिरो भिरालो जमिन, नाङ्गो, डाँडा भएको ठाउँमा माटो खुकुलो भई पहाडसहितै एकै चोटी झर्ने प्राकृतिक विपत् हो ।

## तलका प्रश्नहरूको जबाफ देऊ

१. बाढीसँग सम्बन्धित चित्र कोर ।

२. बाढी र पहिरोबाट जोगिन अपनाउन सकिने कुनै ४ ओटा उपायहरू लेख ।

## बाढी र पहिरोबाट पर्ने असरहरू

* भौतिक संरचनामा क्षति हुने ।
* खेतबारी पुर्ने/बनाउने ।
* खेतीयोग्य जमिन बालुवाले पुर्ने ।
* बाँध तटबन्ध भत्किने ।
* धनजनको क्षति हुने ।

**बच्ने उपायहरू**

* भिरालो जमिनमा कान्ला बनाई खेती गर्ने ।
* बाँझो जमिनमा वृक्षारोपण गर्ने ।
* तटबन्धको निर्माण गर्ने ।
* बाढी आएको बेला खोला नतर्ने ।
* सुरक्षित स्थलको प्रयोग गर्ने ।
* पूर्व जानकारी गराउने साइरनयन्त्रको जडान गर्ने ।
* पानीको बहाब मापन व्यवस्था मिलाउने ।

**क्रियाकलाप** : माथिको पाठ पढी निम्न प्रश्नहरूको छोटो जबाफ देऊ

क) बाढी र पहिरोबाट हुने कुनै चार-चार ओटा असरहरू लेख ।

ख) बाढीबाट बच्न केके गर्नुपर्छ ।

ग) बाढीले हामीलाई कस्ताकस्ता क्षति पुऱ्याउन सक्छन् ? कुनै चारको नाम लेख ।

घ) बाढी आउने बेलामा हामीलाई किन सुरक्षित स्थानमा जानुपर्छ ?

**शिक्षकलाई निर्देशन**: बाढी पहिरोको धारणाबारे बालबालिकाहरूलाई प्रस्ट पार्ने । सम्भव भएमा सावधानीपूर्वक बाढी पहिरोको स्थलगत अवलोकन गराई यसका असर र बच्ने उपायहरूबारे छोटो टिपोट तयार गर्न लगाउने ।

**पाठ - ५**

# आगलागी



(**पृष्ठभूमि** : नविना र विमला घरबाट विद्यालयतिर जाँदाको संवाद )

नविना : विमला ! अस्ति हाम्रो रमेशको परालको कुन्यूमा लागेको आगोले झन्डै हाम्रो घर नसल्केको !

विमला : हो र ! खोइ मलाई त भनिनौ नि !

नविना : हेर न ! त्यो रमेशको बुबाले परालको कुन्यू घरको छेउमा राख्नुभएको छ ! त्यतिमात्र कहाँ हो र, गुवालीको छाँडमा समेत मकैका खोसेलाहरू छन् । हाम्रो घर टाँसिएकाले कत्रो डर लाग्छ हेर न !

विमला : अनि हो त नि ! सलाई लाइटर, मट्टितेल ग्याँस, दाउरा, झिल्काहरू, परालको टाल आदिमा ताप पर्न जाँदा आगो लाग्ने हो कि भनेर डरलाग्छ नि ।

नविना : हेर विमला ! अस्ति ग्याँसमा कुखुरा काटेर सेक्ने हुँदा झन्डै आगो नसल्केको !

विमला : हो र ! एकचोटि उनको परिवारलाई सबैले सम्झाउनुपर्छ है ।

नविना : ल ! तिमी पनि आऊ ल !

**अभ्यास :**

(क) आगलागीको परिचय देऊ ।

(ख) माथिको संवादका पात्रहरू को-को हुन् ।

(ग) आगो बल्न के-के चाहिन्छ ?

**पाठ - ६**

# हावाहुरी





माथि उल्लिखित चित्र नं. १ र २ मा निम्न प्रकारका विषयवस्तु चित्रसँग सम्बन्धित थिए, हेरेर हावाहुरीको बारेमा छलफल गर । हावाहुरीले घरका छाना उडाएको रुखहरूका हाँगा भाँचेको लुगा, कपडा उडाएको मानिसलाई घाइते पुऱ्याएको र धेरै जोरले बग्ने हावालाई वा ठूलो तेज गतिले हावा चल्ने हावालाई हावाहुरी भनिन्छ । यसले पनि कति क्षति पुऱ्याएको हुन्छ । कतिपय समाचारमा पनि सुनेका छौँ । यस प्रकारका असर पर्न सक्छन् ।

१) घरको छाना उडाउँछ ।

२) रुखका हाँगाहरू भाँच्छ ।

३) मानिसलाई जीउधनको क्षति पुऱ्याउँछ ।

४) बिजुलीका पोल र तारलाई नोक्सान गर्नुको साथै घटना निम्त्याउँछ ।

**हावाहुरीबाट बच्ने उपायहरू**

१)	हावाहुरी चलेको बेलामा बाहिर जानुहुँदैन ।

२)	घरमा बसेको बेला झ्याल, ढोका बन्द गर्नुपर्छ ।

३)	हावाहुरी चलेको दिशातिर हिड्नुहुँदैन ।

**क्रियाकलाप**

क)	तल दिइएका खाली ठाउँमा मिल्ने शब्द राखी भर :

१)	हावाहुरीले घरका ...................... उडाउँछ ।

(छाना, रुखहरू)

२)	हावाहुरीले ..................लडाउँछ ।

(कपडा, जनावर )

३)	हावाहरूले जीउधनको ................... गर्छ ।

(आम्दानी, क्षति )

ख)	ठीक भए √ बेठीक भए ✗ चिन्ह लगाऊ ।

१)	हावाहुरीले जीउधनको रक्षा गर्छ ।

२)	हावाहुरीले चलेको बेला बाहिर जानुहुँदैन ।

**अभ्यास**

तलको प्रश्नहरूका उत्तर लेख ।

१.	हावाहुरी भनेको के हो ?

२.	हावाहुरीको कुनै २ ओटा असर लेख ?

३.	हावाहुरीबाट बच्ने २ ओटा उपाय लेख्नुहोस् ?


**शिक्षकलाई निर्देशनः** माथि उल्लिखित दुबै चित्रहरू बालबालिकाहरूलाई अवलोकन गराई धारणा प्रस्ट हुने गरी हावाहुरीको बारेमा यससँग सम्बन्धित चित्र देखाइ पहिचान गरी पठनपाठन गर्ने ।

# चट्याङ



एउटा गाउँमा एउटा सानो परिवार थियो, त्यस परिवारमा चार सदस्य थिए । जसमा बुबा, आमा र दुईजना छोरा थिए । साह्रै गरीब परिवार थियो । काम नगरी खान धौधौ हुन्थ्यो । एक दिन बुबा काम गर्न साहुको खेतमा काम गर्न जानुभयो । त्यसै बेला आकासमा ठुलो आवाज आउन थाल्यो र वर्षा पनि हुन थाल्यो । तर के गर्ने परिवार चलाउनुपर्ने कारणले उहाँले डरको वास्ता नगरी काम गर्ने थाले । तर दैवको आगे कसको के लाग्छ । हेर्दाहेर्दै चट्याङले बिचरा किसानको टाउकोमा असर पाऱ्यो र उहाँ को त्यसै बेला मृत्यु भयो । त्यो सानो परिवार बिजोगमा पऱ्यो ।

**शिक्षकलाई निर्देशनः** माथि दिएको घटनाको बारे छलफल गर्ने र चट्याङको असर प्रस्ट पार्ने ।





**चट्याङ आउनुपूर्व तयारी :**

- चट्याङबारे जनचेतना जगाउने ।
- पानी पर्दा सकभर बाहिर नजाने ।

**अभ्यास :**

- चट्याङ भनेको के हो ।
- यसबाट बच्ने उपायहरू लेख ।

**पाठ - ८**

# शीतलहर

रमित कक्षा ४ का श्री प.मा .वि. लौनिया तिलाठीमा पढ्ने विद्यार्थी हो । एक दिन ऊ लगायत अन्य विद्यार्थीहरू पुसको महिनामा पातलो लूगा लगाएर मात्र विद्यालय आएका थिए । त्यसैले उनिहरूका शिक्षकले शीतलहरको बारेमा उनीहरूसँग कुराकानी गरेका छन् । अब हामी पढौं त के कुराकानी गरेका छन् ।

शिक्षक : रमित, किन तिमीले पातलो लूगा मात्र लगाएका हौ ?

रमित : नयाँ लुगा भएर लगाएको हो सर ।

शिक्षक : अनि तिमीलाई थाहा छैन, शीतलहरको बेलामा न्यानो लूगा लगाउनु पर्छ भनेर ?

रमित : कस्तो शीतलहर ? के हो शीतलहर भनेको सर ?

शिक्षक : तिमीलाई जाडोको अनुभव भइरहेको छैन ?

रमिता : भइरहेको छ सर, तर त्यति जाडो पनि होइन ।

शिक्षक : ल सुन र घाम कम भएकाले मौसम चिसिन्छ र अत्यधिक चिसिने प्रक्रिया शीतलहर हो ।

अमिन : शीतलहरले के असर गर्छ सर ।

शिक्षक : राम्रो प्रश्न, यसले बालबालिका र वृद्धवृद्धालाई बढी प्रभाव पार्ने गर्दछ ।

पुजा : कस्तो प्रभाव पर्छ सर ?

शिक्षक : यसले रुघाखोकी लाग्छ । यति मात्र हैन यसले ज्यान पनि जान सक्छ र अपाङ्ग पनि बनाउन सक्छ ।

पुजा : सर, जसलाई जाडो हुँदैन त्यसलाई पनि असर गर्छ ?

शिक्षक : हो, हामीलाई महसुस हुदैन तर भित्रभित्रै यसले हामीलाई प्रभाव पारिरहेको हुन्छ र यसले अचानक दुर्घटना निम्त्याउन सक्छ ।

गिता : शीतलहर किन आउँछ, सर ?

शिक्षक : सूर्यको किरण पृथ्वीमा पुग्न सक्दैन र यसले पृथ्वीलाई तातो बनाउँदैन ।

**शिक्षकलाई निर्देशनः** माथि दिएको संवाद विद्यार्थीलाई नै भूमिका दिई गर्न लगाउने । अनि विद्यार्थीहरूसँग छलफल गर्ने शीतलहर भनेको के हो ? यसको असरहरू केकस्तो पर्छ ? भन्ने बारेमा स्पष्ट पार्ने ।

अत्यधिक जाडो बढ्नाले तापक्रममा समेत गिरावट भई केही दिन वा महिनासम्म चिस्सिने मौसमी प्रक्रियालाई शीतलहर भनिन्छ ।

## कारण

वायुमण्डलको तल्लो सतहमा बाक्लो कुहिरो हुस्सुले छोपिने हुनाले सूर्यको किरण जमिनसम्म पुग्न सक्दैन । तसर्थ शीतलहर हुन जान्छ ।

## असर

- दैनिक जीवन कष्टकर हुनु ।
- यसको कारणबाट बालबालिका, वृद्धाहरू तथा सुत्केरी महिला बढी प्रभावित हुन्छ ।
- यसको कारणबाट सवारी दुर्घटना रुघाखोकी तथा बाथरोग बढी लाग्ने गर्दछन् ।

## रोकथामको उपाय

- बाक्लो र ऊनी कपडा लगाउनुपर्छ सूती, फलाटिनको कपडा लगाउन सकिन्छ ।
- टाउकोमा टोपी लगाउने किनभने हाम्रो शरीरको ताप टाउकोबाट बाहिरिन्छ ।
- आगो ताप्ने गर्नुपर्छ ।
- परालको ओछ्यानमा सुत्ने गर्नु पर्छ ।

## अभ्यास

१) शीतलहर के हो ?

२) शीतलहर कसरी उत्पन्न हुन्छ ?

३) शीतलहरबाट बँच्नको लागि अपनाउनु पर्ने कुनै दुईओटा उपायहरू लेख ।

# पाठ - ९ आगलागी कारणहरू र असरहरू

एक दिन विभा नाम गरेकी छात्रा कक्षा ३ मा पढ्छिन् । आज शनिबारको दिन स्कूल विदा छ । विभा साथीहरूसँग मिलेर वनमा वनभोज खान गएकी छिन् । गोठालाहरू पनि वनमा घाँस, दाउरा काट्न व्यस्त छन् । वनमा ससाना जीवजनावर, बौदरहा, एक रुखबाट अर्को रुखमा डिङ खेल्दैछन्, गाईबस्तुहरू पनि स्याउला खान मस्त छन् । विभाकी साथीले लाइटर कोरी आगो बाल्दै थिइन् । खर, झ्याँसहरू सुकेका हुनाले आगो तुरुन्तै सकियो र खाना पकाई रमाउँदै वनभोज खाए । वनभोज खाई, मनोरञ्जन गरी घरतिर जाँदै थिए । आगो निभाउन बिर्सिएका कारण एक्कासी जङ्गलमा आगो लागेर पटपटको आवाज आयो । चैतको टन्टलापुर घाम, त्यसमाथि हावाको बेगका कारण क्षणमै जङ्गल स्वाहा भयो । विभाका साथीहरूले गरेको हेलचेक्राइका कारण आज जङ्गलका वन्यजन्तु चराचुरुङ्गी दुर्लभ वनस्पति सबै खरानीमा परिणत भए । आगो लाग्ने पदार्थहरू र आगोको व्यवस्थापन गर्न नसक्दा आज हरियाली वन उजाड भयो ।

**अभ्यास :**

१. विभा कहाँ गएकी हुन् ?

२. आगो कसरी सल्कियो ?

३. आगलागीका कुनै दुईओटा असरहरू लेख ।

**शिक्षकलाई निर्देशनः** माथिको घटना सबै बालबालिकालाई सुनाउने र यसका असर र बच्ने उपायहरूबारे छलफल गर्ने ।

पाठ - १०

# लू लाग्नु

गर्मीको मौसममा बेसरी चल्ने तातो हावालाई लू भनिन्छ। गर्मी मौसममा केहि अति गर्मीका कारण बेहोस भई ढल्यो भने लू लागेको भनिन्छ। लू लागेको व्यक्ति मूर्च्छित हुनसक्छ।

**लू लाग्ने कारण :**

- ❖ चर्को घाममा हिँडदा लू लाग्छ।
- ❖ तातो हावा चलेको बेला बाहिर काममा जाँदा लू लाग्छ।

**लू लाग्नाको असर**

- ❖ लूको बिरामी बेहोस भएर ढल्छ, मूर्च्छित हुन्छ। बिरामीलाई चोटपटक लाग्न सक्छ। टाउको दुख्नु, चक्कर आउनु आदि।

**लू लाग्नुबाट बच्ने उपायहरू**

खासगरी अत्याधिक गर्मीका कारण लू लाग्ने भएकाले गर्मीबाट बच्नुपर्छ। घाममा निस्कँदा छाता ओढ्ने, छहारीमा आराम गर्ने, खुकुलो जुत्ता तथा कपडा लगाउने र बरोबर पानी पिइरहनाले लू लाग्नुबाट बँच्न सकिन्छ।

**अभ्यास**

उत्तर लेख।

क) लू लाग्नु भनेको के हो ?

ख) लू लाग्नुको ३ ओटा असरहरू लेख।

ग) लू लाग्नुबाट बँच्न के गर्नुपर्छ ?

**ठिक भए (✓) र बेठिक भए (✘) चिनो लगाऊ।**

क) तातो हावा चलेको बेला बाहिर खेल्नुपर्छ।

ख) घाममा निस्कँदा छाता ओढ्नुपर्छ।